सिम्ता गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश,नेपाल

सिम्ता गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

## नदिजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०६/२१ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था अनुसार यस सिम्ता गाउँपालिकाले तोकिएको स्थानबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन गरी यस गाउँपालिकाले तोकेको दरमा विक्री गर्नेगरी सिलबन्दी दरभाउ पत्र बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| सि.नं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन फिट) | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | **SRM/SQ/ MINES-01- 2080/81** | **ढुङ्गा,गिट्टी, मोरङ र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण** | ५०१४६७.३२ | १५०४४०१.९६ | कवोल अङ्कको ५% | १००० |

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत लक्ष्मी वैंक, जामुनेबजार शाखामा रहेको यस कार्यालयको आन्तरिक आम्दानी खाता नं. ०८००३००००२१ मा नगद जम्मा गरेको नगद भौचर वा यस कार्यालयबाट काटेको रसिद सहित निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मिति बाट २०८०/०७/१० गते सम्म दिनको कार्यालय समयभित्र बोलपत्र खरिद गनुपर्नेछ । खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको **मितिबाट २०८०/०७/१२ गते** दिनको १२.०० बजे भित्र दर्ता गर्न सकिने छ।

२. बोलपत्रदाताले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी वैंक, जामुनेबजार शाखामा रहेको धरौटी हि.नं.०८००३०००१७१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. रितपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिन २०८०/०७/१२ को १:०० वजे देखि निर्माण व्यवसायीहरुका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदारको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

५. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४,सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियामवली २०६४, सिम्ता सार्वजनिक खरिद नियामवली २०७५,गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु, गाउँ सभाका निर्णयहरु र अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

भलाराम धमाली
प्रमुख प्रशासकीय अधिकृत